बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरुले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए ।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा बिक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ,
अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१४ ।। अङ्क : २०८ ॥ २०७९ भाद्र २२ गते बुधबार (7th Sep 2022 Wednesday) **Pratidin** National Daily dNo-?=%÷-

## चाडपर्वमा चोरी तस्करी बढ्यो

# वाणिज्य संघले गरायो ध्यानाकर्षण







झापा, भदौ २२ । चाडपर्व नजिकिएसंगै चोरी तस्करीका घटना बढ्न थालेको छ । घरायसी सामानदेखि लिएर नगद , गरगहना , चौपायाजस्ता धनमाल चोरी हुने गरेका छन् । यसैबीच चोरीमा संलग्न भद्रपुरका दुईजना सामानसहित पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा भद्रपुर वडा नं. १० बस्ने २२ वर्षिय रितिककुमार शर्मा र भद्रपुर वडा नं. ७ बस्ने रोशन राजवंशी रहेका छन् । गत भदौ १ गते दिउँसो अन्दाजी ४.३० बजेको समयमा भद्रपुर वडा नं. ७ विशम टोलमा राजेन्द्र गिरीको घरबाट कोही नभएको मौका पारी घरकोठाभित्र भएको दराजमा राखेको सुनका गरगहना, मोबाईल तथा नगद समेत गरी अन्दाजी दश लाख बराबरको चोरी भएको थियो । गिरीले दिएको उजुरीको सम्बन्धमा अनुसन्धान गर्दै जाँदा शर्मा र राजवंशीलाई चोरी गरिएका दशी प्रमाणसहित पक्राउ गरिएको हो । दुवैजना प्रतिवादीलाई जिल्ला प्रहरी कार्यालय झापाबाट झापा जिल्ला अदालतबाट म्याद समेत लिई थप अनुसन्धान भइरहेको डिएसपी बसन्त पाठकले बताए । उनीहरुबाट रेडमी कम्पनीको १ थान मोबाईल, टुक्रा पारेको सुनको चुराको २ टुक्रा ,टुक्रा पारेको अवस्थामा सुनको पञ्चरत्नको २ टुक्रा, सुनको ब्रास्लेट १ थान,कानमा लगाउने सुनको रामलिला २ थान र टुक्रा पारेको सुनको चन्द्रमाको २ टुक्रा बरामद भएको पाठकले जानकारी दिए ।

त्यस्तै अवैध रुपमा काठ साइकलमा राखेर चोरी तस्करी गर्ने पाँचजना दमकबाट पक्राउ परेका छन् ।

बुधवार बिहान ३ बजे दमक वडा नं.२ आम्दा रोडमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले ५ थान साईकलसहित उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरुमा ईलाम चुलाचुली ५ बस्ने १९ वर्षिय नविन लिम्बू , वडा नं ३ बस्ने २० वर्षिय सुजन श्रेष्ठ,सोही ठाउँका ३० वर्षिय धनपति न्यौपाने ,.फाकफोकथुम ३ बस्ने २० वर्षिय रमेश लिम्बु र पाँचथर तुममेवा १ बस्ने २२ वर्षिय विवेक लिम्बू रहेका छन् । अवैध रुपमा सिसौको जातको गोलिया ५ थान (२६.८५ क्यु.वि.), सखुवा जातको चिरान काठ १४ थान (११.९५ क्यु.वि.) गरी जम्मा ३८.८० क्यु.वि. काठ र काठ काट्ने साधनसहित फेला पारी उनीहरुलाई पक्राउ गरिएको र आवश्यक कार्वाहीको लागि सब डिबिजन बन कार्यालय बेलडागी दमकमा बुझाईएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यसैबीच चाडपर्व नजिकिएसँगै अपराधका घटनामा वृद्धि हुने तथा त्यसलाई रोक्न सरोकारवालाको भूमिकाका विषयमा बिर्तामोड उद्योग वाणिज्य संघले बुधवार अन्तरक्रिया गरेको छ । अन्तरक्रिया कार्यक्रममा बिर्तामोड क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरकारी र निजी क्षेत्रका संघ-संस्था एक भएर अगाडि बढ्न सहमत देखिएका छन् ।

बिर्तामोड नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपानेले बिर्तामोडमा पार्किङको समस्या बढ्दै गएको र यसलाई समाधान गर्न उद्योग वाणिज्य संघसहित ट्राफिक प्रहरी, जनपथ प्रहरी तथा यस क्षेत्रका राजनीतिक दल एक भएर अगाडि बढ्नुपर्ने बताए । उनले बिर्तामोड क्षेत्रमा बहुतले पार्किङका लागि अहिलेबाट नै लाग्नुपर्ने विचार व्यक्त गरे ।

उनले बिर्तामोड क्षेत्रमा सार्वजनिक शौचालयको समस्या रहेको साथै फोहोर व्यवस्थापनमा पनि नगरपालिका लागिरहेको उल्लेख गरे । उनले समयमा फोहोर व्यवस्थापन नहुँदा फोहोरको समस्या बढ्दै गएकाले यसलाई समाधान गर्न सबै पक्ष एकजुट हुनुपर्ने उल्लेख गरे ।

इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक रुगमबहादुर कुँवरले चाडपर्वको समयमा आपराधिक क्रियाकलाप बढ्न सक्ने भएकाले यसतर्फ सबैलाई सचेत रहन आग्रह गरे । उनले चाडपर्व मनाउन जाँदा घर खाली गरेर हिँड्ने प्रवृत्ति रहेको र उक्त समयमा चोरीका घटना हुने भएकाले घर खाली गरेर हिँड्दा नजिकैको प्रहरीलाई जानकारी गराउन अनुरोध समेत गरेका छन् । चाडपर्वको समयमा सवारी आवागमनको चाप धेरै हुने भएकाले यसलाई व्यवस्थापन गर्न ट्राफिक प्रहरी लागेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी प्रमुख, प्रहरी निरीक्षक अशोक जबेगूले बताए । उनले बिर्तामोडको कृषिथोक बजार प्रवेश गर्ने रोडलाई वान वे बनाउने र फुटपाथमा पार्किङको व्यवस्था गर्ने कार्यलाई अगाडि बढाउने जानकारी दिए । चाडपर्वको समयमा विद्युतको माग अधिक हुने भएकाले त्यसलाई व्यवस्थित गर्न नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्र तयारी अवस्थामा रहेको अनारमनी वितरण केन्द्रका इञ्जिनियर विभव पौडेलले बताए । उनले चारवटा टिमलाई तयारी अवस्थामा राखेर दिन र रातको समयलाई मध्यनजर गर्दै टोली खटाइएको उल्लेख गरे । बिर्तामोड उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष राजु न्यौपानेले बिर्तामोड क्षेत्रमा सवारी पार्किङ, विद्युत, उपभोक्ता ठगिने, सडकको दुरावस्था, फोहोर व्यवस्थापन नहुनुलगायतका समस्या समाधान गर्न सबै पक्ष एकजुट हुनुपर्ने उल्लेख गरे । बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष एवम् उपभोक्ता मञ्चका अध्यक्ष वेदप्रकाश अग्रवालले बिर्तामोड क्षेत्रमा धेरै समस्या रहेकाले यसलाई समाधान गर्न सरकारी र गैरसरकारी दुबै संघ-संस्था एकजुट भएर अगाडि बढ्नुपर्ने उल्लेख गरे । कार्यक्रममा निवर्तमान अध्यक्ष कुमार भट्टराई, राजेन्द्र थापालगायतले बिर्तामोडको समस्या र यसमा सरोकारवाला निकायले खेल्नुपर्ने भूमिकाका विषयमा आ-आफ्नो धारणा राखेका थिए । बिर्तामोड उद्योग वाणिज्य संघकी जनसम्पर्क उपाध्यक्ष नैनकला भट्टराईले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव कुशल खतिवडाले गरेका थिए ।

# अपाङ्गतामैत्री निर्वाचनका लागि १५ बुँदे माग



झापा(प्रस)। नेत्रहीन युवा संघ नेपाल झापाले आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचन अपाङ्गतामैत्री र पहुँचयुक्त बनाउनु पर्ने १५ बुँदे माग अघि सार्दै जिल्ला निर्वाचन कार्यालय झापालाई ज्ञापनपत्र बुझाएको छ ।

नेत्रहीन युवा संघ नेपाल झापा शाखाका अध्यक्ष दिलकुमार राजवंशीको नेतृत्वमा पुगेको टोलीले बुधवार जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसीप्रसाद नेपाललाई सो मागसहितको ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा भनिएको छ,'समावेशी सूचीबाट प्रतिनिधित्व गराउँदा उनीहरूको पहिचान स्थापित हुने परिचयपत्र अनिवार्य पेस गर्नुपर्ने व्यवस्था गरी अपाङ्गता भएको व्यक्तिहरू पनि संसदमा प्रतिनिधित्व हुने सुनिश्चित गराउनुपर्ने, मतदान केन्द्रमा ह्विलचियर प्रयोगकर्तालाई सजिलैसँग मतदान गर्न ह्विलचियर गुडाउन पर्याप्त ठाउँ बनाइनु दिनुपर्ने, न्यून दृष्टियुक्त व्यक्तिहरूका लागि मतदान केन्द्रमा पर्याप्त उज्यालो हुनुपर्ने र मतपत्रमा रहेका चिन्हहरू प्रस्ट रुपमा देखिने मत पत्रको रङ्ग हुनु पर्ने र म्याग्रिफाईड ग्लासको व्यवस्था हुनुपर्ने , दृष्टिविहीन व्यक्तिहरूका लागि छामेर मतपेटिकामा मतपत्र खसाल्नका लागि मतपेटिकामा ट्याक्टाइल स्टिकर टाँस्नुपर्ने, ब्रेन लिपी र ठुला छापमा मतपत्र निर्देशिका निर्माण गर्नुपर्ने, हातसम्बन्धी शारीरिक अपाङ्गता भएका मतदाताका लागि मतपत्र लिँदा हस्ताक्षर गर्न समात्न सजिलो हुने ठुलो कलमको व्यवस्था गरिनुपर्ने र सुनाईसम्बन्धी अपाङ्गता भएका मतदाताका लागि मतदान केन्द्रमा साङ्केतिक भाषाका दोभासेहरू उपलब्ध गराउनुपर्ने, मतदान निर्देशिकामा अपाङ्गतासम्बन्धी विषय समावेश गरी मतदान गराउने कार्यमा खटिने कर्मचारीका लागि अपाङ्गता भएका मतदातासँग गर्नुपर्ने व्यवहारबारे तालिमको व्यवस्था अनिवार्य गराउनुपर्ने माग उल्लेख छ ।

❖ बाँकी अन्तिम पृष्ठमा




# एमालेले गर्‍यो समानुपातिक उम्मेदवारको सिफारिस

झापा(प्रस)। नेकपा एमालेले आगामी मंसिर ४ को निर्वाचनका लागि झापाबाट समानुपातिक उम्मेदवारहरुको पनि नाम सिफारिस गरेको छ । सिफारिस गरेको हो । जिल्ला कमिटीले जिल्लाका पाँचवटा निर्वाचन क्षेत्रबाट प्रतिनिधिसभा निर्वाचनका लागि ३१ जना उम्मेदवारहरुको नाम सिफारिस

नेकपा एमाले

प्रत्यक्षसंगै समानुपातिक उम्मेदवार हरुको नाम पनि सिफारिस गरिएको जिल्ला पार्टी कार्यालयले जनाएको छ । प्रत्यक्षतर्फ उम्मेदवारहरुको सिफारिस क्षेत्रीय कमिटीहरुले गरेका थिए भने जिल्ला कमिटीले समानुपातिक उम्मेदवारहरुको गरेको छ । त्यस्तै प्रदेशसभा निर्वाचनका लागि ८३ जना उम्मेदवारहरुको नामावली सिफारिस गरिएको छ । यसअघि एमालेले पाँचवटै निर्वाचन क्षेत्र र दशवटै प्रदेशबाट प्रत्यक्षतर्फको उम्मेदवार सिफारिस गरिसकेको छ ।

**कनकाई विर्ता अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन लि.**
**कनकाई-२, सुकेडाँगी (झापा)को**

**साधारणसभा सम्बन्धी सूचना !**

यस कनकाई विर्ता अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन लि.को निम्न मिति, समय र स्थानमा विभिन्न प्रस्ताव छलफल तथा पारित गर्ने गरी **वार्षिक साधारणसभा** आयोजना हुने भएकाले उपस्थितिका लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई पत्र पठाइसकिएको छ । कारणवश पत्र प्राप्त नभएमा यसै सूचनालाई आधारमानी उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**साधारणसभाका कार्यक्रम**
१. वार्षिक प्रतिवेदन पारित ।
२. आर्थिक वर्ष २०७६/०७७ र २०७८/२०७९ को लेखा परीक्षण प्रतिवेदन पारित ।
३. २०७९/०८० को लेखा परीक्षक नियुक्ति ।
४. लगानी साझेदारी अनुमोदन गर्ने ।
५. प्रबन्ध पत्र र नियमावली संशोधन गर्ने ।
६. विविध ।

मिति : २०७९ असोज ११ गते मंगलबार ।
समय : बिहान ११ बजे ।
स्थान : कनकाई विर्ता अर्जुन नवीकरणीय ऊर्जा तथा फोहोरमैला व्यवस्थापन लि.को सभाहल, कनकाई-२, सुकेडाँगी (झापा)



# निजामती दिवसमा वक्तृत्वकला तथा ब्याडमिन्टन प्रतियोगिता



झापा(प्रस)। निजामती कर्मचारी दिवसको अवसर पारेर कर्मचारी मिलन केन्द्र झापाले ब्याडमिन्टन तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ। सरकारी कर्मचारीहरुको अन्तरनिहित क्षमतालाई अभिवृद्धि गर्ने उद्देश्य राखेर चन्द्रगढीमा आयोजित "संघीय शासन व्यवस्थामा सार्वजनिक सेवा प्रवाह" शीर्षकको बक्तृत्वकला प्रतियोगितामा कनकाई नगरपालिकाका कर्मचारी इन्द्र बजगाई प्रथम भएका छन् ।उनलाई नगद १० हजार पुरस्कार प्रमुख अतिथि जिल्ला समन्वय समिति झापाका प्रमुख विश्वनाथ बरालले प्रदान गरेका छन् । यसैगरी प्रतियोगितामा द्वितीय हुने मेची भन्सार कार्यालय काँकरभिट्टाका कर्मचारी टीकाबहादुर थापाले नगद सात हजार प्राप्त गरेका छन् ।
केन्द्रले दिवसकै अवसर पारेर यही भदौ १९, २० र २१ गते आयोजना गरेको व्याडमिन्टन प्रतियोगिताका प्रथम, द्वितीय र तृतीय हुनेलाई पुरस्कार प्रदान गरेको छ ।

प्रतियोगितामा प्रथम हुने राष्ट्रिय बाणिज्य बैंक बिर्तामोडका प्रज्वल ओझा, खगेन्द्र कन्दङ्वा, द्वितीय हुने नेपाल विद्युत प्राधिकरण दमकका धिरेन्द्र बजगाई, टंकप्रसाद उप्रेती, तृतीय हुने अर्जुनधारा नगरपालिकाका विपिन लम्साल, हेमराज सेडाईं र झापा जिल्ला अदालतका जिल्ला न्यायाधीश चन्द्रमणि ज्ञवाली र रमेशप्रसाद प्रसाईँ रहेका छन् । उनीहरुलाई क्रमशः १० हजार, सात हजार र पाँच हजार नगद पुरस्कार प्रदान गरिएको कर्मचारी मिलन केन्द्र झापाका अध्यक्ष रुद्र न्यौपानेले बताए ।
कार्यक्रममा जिसस प्रमुख बरालले निजामति कर्मचारीले सेवा प्रवाहलाई अब्बल बनाउन र कर्मचारीतन्त्रभित्र रहेको विकृति, विसंगति र कुसंस्कारको अन्त्य गर्न आग्रह गरेका छन् ।
प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले निजामती ऐन जारी नहुँदा कर्मचारीको वृत्ति विकास र प्रशासनिक सेवामा समस्या भइहरेको बताए । उनले कर्मचारीलाई सुशासनको अनुभूति दिलाउने गरी सेवा प्रवाह गर्न समेत आग्रह गरे । आधिकारिक ट्रेड युनियन झापाका अध्यक्ष लक्ष्मी गुरागाई,केन्द्रका कोषाध्यक्ष दामोदर घिमिरेलगायतले कार्यक्रममा शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालयका प्रमुख र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# साना निर्माणकर्मी संघको साधारणसभा



झापा(प्रस)। साना निर्माणकर्मी संघ झापाको चौथो वार्षिक साधारणसभा सम्पन्न भएको छ । बिर्तामोड वडा नं ४ का वडाध्यक्ष राहुलकुमार शर्माले सो साधारणसभाको उद्‌घाटन गरे ।

कार्यक्रमको अध्यक्षता गर्दै साना निर्माणकर्मी संघका अध्यक्ष केदार राजवंशीले वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।कार्यक्रममा विशेष अतिथि बिर्तामोड ४ का वडा सदस्य उमेश राउत , बिर्तामोड ५ का वडा सदस्य दुर्गा शिवाकोटी, संस्थाका सल्लाहकार तथा प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशीलगायतले शुभकामना मन्तव्य राखेका थिए । संस्थापक अध्यक्ष राजु राजवंशी(सन्तोष)ले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन प्रमुख सल्लाहकार कृष्ण भट्टराईले गरेका थिए ।

# प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि माओवादीका एउटै उम्मेदवार

झापा(प्रस)। सत्तारुढ गठबन्धनसंग चुनावी तालमेलको प्रयासमा रहेको नेकपा माओवादी केन्द्रले मंसिर ४ को निर्वाचनका लागि झापाका सबै क्षेत्रबाट उम्मेदवार सिफारिस गरेको छ । पछि तालमेल हुँदा छोड्नु पर्छ भनेर माओवादीले एउटै व्यक्तिलाई प्रतिनिधिसभा र प्रदेशसभा दुवैका लागि उम्मेदवार सिफारिस गरेको छ । प्रतिनिधिसभा निर्वाचनका लागि माओवादीले क्षेत्र नं १ बाट सुरेन्द्रकुमार कार्की(पार्थ), २ बाट राजु आचार्य (अग्नि), ३ बाट पूर्णसिंह राजवंशी र मोहन टुडू ,४ बाट झलकसिंह दर्लामी मगर र ५ बाट रंजित तामाङलाई सिफारिस गरेको हो । त्यस्तै क्षेत्र नं १ प्रदेश 'क' बाट राजु दाहाल, माधव अर्याल, अनिता ढकाल, 'ख' बाट श्यामवीर लिम्बू ,राजन चिमरिया , नरेन्द्र मेचे , क्षेत्र नं २ 'क' बाट ज्योतिसिंह दर्लामी ,कुवेर श्रेष्ठ ,'ख' बाट प्रेम नेम्बाङ, दिपेश योन्जन , क्षेत्र नं ३ 'क' बाट डिल्ली घिमिरे(हिक्मत),' ख' बाट पूर्णसिंह राजवंशी , मोहन टुडू ,मरगुब आलम ,क्षेत्र नं ४ 'क' बाट झलकसिंह दर्लामी ,'ख' बाट रुद्र बजगाई , क्षेत्र नं ५'क' बाट रंजित तामाङ, 'ख' बाट वीरेन्द्र बस्नेत , कर्म पुलामी र गगन पुरी सिफारिस भएको जिल्ला संयोजक राजु आचार्य (अग्नि)ले जानकारी दिएका छन् । त्यस्तै समानुपातिक तर्फ क्षेत्र नं ३ बाट शिवकुमार राजभण्डारी , हरि अधिकारी , हरि पौडेल सिफारिस भएका छन् भने प्रदेशबाट भागिरथा अधिकारी , पुकारचन्द्र राजवंशी , नरपति चापागाई , हजरत अली , शर्मिला खाती , काश्मिरा खातुन , कुमारी स्वर्णिका सिंह , सीतादेवी न्यौपाने र लेखनाथ पौडेलको नाम सिफारिस गरिएको छ ।




# फेरि ३ वटा ट्र्याक्टर नियन्त्रणमा



झापा(प्रस)। अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन् गर्ने ३ वटा ट्र्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको छ । बुधवार बिहान ९.२० बजे मेचीनगर वडा नं. ७ पालिया खोलाबाट प्रदेश १-०१-००२ त १०८ नं.को ट्र्याक्टरले अबैध रुपमा बालुवा उत्खनन् गरी लाने क्रममा अस्थाई प्रहरी पोष्ट ईटाभट्टाबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि मेचीनगर नगरपालिकाको कार्यालयमा बुझाएको छ । त्यस्तै बुधवार नै साँझ ५.१५ बजे अर्जुनधारा वडा नं. ७ फुलमति खोलाबाट अबैध रुपमा मे १ त ५८७९ र मे १ त ७२१४ न. को दुईवटा ट्र्याक्टरले ढुङ्गा, बालुवा उत्खनन् गर्दैगर्दा प्रहरी चौकी शनिश्चरेबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिई आवश्यक कार्वाहीको लागि अर्जुनधारा नगरपालिकाको कार्यालयमा बुझाउने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सरकारले असारदेखि भदौ मसान्तसम्म खोला बन्द गरेपनि ढुङ्गा, बालुवाको उत्खनन् रोकिएको छैन ।


## शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि.
बिर्तामोड, झापाको

### साधारणसभा सम्बन्धी सूचना !

यस शिक्षा बहुउद्देश्यीय सहकारी संस्था लि. को १०औं वार्षिक साधारण सभाका कार्यक्रमहरु निम्न मिति, स्थान र समयमा हुने भएकाले अनिवार्य सहभागिताका लागि शेयर सदस्यज्यूहरुलाई अनुरोध गरिएको छ। अतः तपसिल बमोजिम इकाइगत रुपमा हुने साधारण सभामा उपस्थित भई दिनुहुन अनुरोध गरिन्छ। इकाइगत साधारण सभामार्फत् प्रतिनिधि छनोट गरी साधारण सभाको अन्तिम कार्यक्रममा माइन्युट प्रमाणित गरिनेछ।

**इकाइगत साधारणसभा**

१. मुख्य कार्यालय बिर्तामोड : २०७९ असोज ३ गते सोमबार। स्थान : अग्रसेन भवन। समय : बिहान १०:३० बजे
२. सदस्य सेवा केन्द्र दुर्गापुर : २०७९ असोज ४ गते मंगलबार। स्थान : दलित सामुदायिक भवन। समय : बिहान १०:३० बजे
३. सदस्य सेवा केन्द्र शनिश्चरे : २०७९ असोज ५ गते बुधबार। स्थान : अर्जुनधारा मन्दिरको, सभाहल। समय : बिहान १०:३० बजे
४. सदस्य सेवा केन्द्र धुलाबारी : २०७९ असोज ६ गते बिहीबार। स्थान : अतिथि सदन, धुलाबारी। समय : बिहान १०:३० बजे
५. सदस्य सेवा केन्द्र दुहागढी : २०७९ असोज ७ गते शुक्रबार। स्थान : राम जानकी मन्दिर, धाइजनमोड। समय : बिहान १०:३० बजे
६. सदस्य सेवा केन्द्र चैतुबारी : २०७९ असोज ८ गते शनिबार। स्थान : पञ्चरत्न माविको सभाहल। समय : बिहान १०:३० बजे

**साधारण सभाको अन्तिम माइन्युट प्रमाणिकरण कार्यक्रम :**
मिति : २०७९ असोज ११ गते मंगलबार।
स्थान : अग्रसेन भवन, बिर्तामोड।
समय : १०:०० बजे।

सूर्यकुमार खतिवडा
सचिव


## अपाङ्गतामैत्री...

त्यस्तै मतदानको दिन अपाङ्गता भएका व्यक्तिहरूलाई मतदान केन्द्रसम्म पुर्याउन निर्वाचन आयोगले घरबाट मतदान केन्द्र र मतदान केन्द्रबाट घरसम्म ल्याउने र पुर्याउने व्यवस्था मिलाउनुपर्ने, निर्वाचन पर्यवेक्षकका रुपमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहभागी गराउन निर्वाचन पर्यवेक्षक निर्देशिकामा संशोधन गर्नुपर्ने, पर्यवेक्षण फारममा निर्वाचन पहुँचयुक्त रह्यो- रहेन भन्ने विषयसम्बन्धी प्रश्नहरू समावेश गराउनुपर्ने, मतदाता शिक्षा गतिविधिमा अपाङ्गता भएका व्यक्तिहरू र संस्थालाई सहभागी गराउनु पर्ने, अपाङ्गता भएका व्यक्तिहरूलाई इच्छाएको स्थानबाट मतदान गर्ने व्यवस्था मिलाउनुपर्ने र निर्वाचनमा सहभागी अपाङ्गता भएका मतदाताको लगत राख्ने व्यवस्था मिलाउनुपर्नेलगायतका माग ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापनपत्र बुझ्दै निर्वाचन प्रमुख नेपालले प्राप्त भएको ज्ञापनपत्र निर्वाचन आयोगबाट बुधवार नै पठाउने बताए । उनले जिल्ला तहबाट अपाङ्गता भएका व्यक्तिहरूको सन्दर्भमा उठाइएको माग सम्बोधन गर्न प्रतिबद्धता समेत व्यक्त गरेका छन् । जिल्लामा १० हजारबढी अपाङ्गता भएका व्यक्ति रहेको जनाइएको छ ।


## धुम्रपान नगरौं, स्वस्थ्य जीवन बाँचौं

➢धुम्रपानले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरलगायतका दीर्घकालिन रोग लाग्न सक्छ।
➢आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई धुम्रपानको कुलतमा फस्न नदिऔं।
➢कुलतमा रहेकाले धुम्रपान त्याग्ने प्रण गरौं।
➢धुम्रपान गर्नेहरुको संगतबाट टाढा रहौं।
➢धुम्रपानले तपाई र परिवार सबैलाई असर पुऱ्याउँछ।
त्यसैले,
धुम्रपान नगरौं स्वस्थ्य जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड







KAPURI
**Buddha Enterprises**
Bhadrapur Road, Birtamode, Jhapa
023-540452/545562/545185 M:9802600531

## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

दैनिक दिउँसो २:00 बजेदेखी



वरिष्ठ स्त्री तथा प्रसुतिरोग विशेषज्ञ
अब विर्तामोडमा

डा. एलिजा गैतम
MBBS(KU),MD-(Mechi Zonal Hospital)
(Obstetrics & Gynecology)
NMC No. : 17070

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?

- सेतो पानी बग्ने ।
- पिसाब घर चिलाउने ।
- तल्लो पेट दुख्ने ।
- पिसाब गन्हाउने ।
- महिनावारी हुने गडबढी समस्या ।
- बच्चा नहुने तथा खेर जाने समस्या ।
- पाठेघर सम्बन्धी समस्या ।
- रगत गइरहने समस्या।

अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
अश्विन पोलिक्लिनिक तथा नेशनल बाथरोग सेन्टर
०२३-५३०५४५

## सम्पादकीय

### छोटे राजाहरु

राजधानीमा भर्खरै घटेको घटनाले नेपालका असफल नेताहरुको रवाफ उजागर भएको छ । आफूलाई 'राजा' सरह ठान्ने मन्त्रीहरुको सोच र व्यवहार घृणित र निन्दनीय छ । जनसाधारणसरहै मन्त्रीलाई पनि लाममा लाग्न भनेबापत सुरक्षाकर्मीमाथि मुद्दा लगाउनु सरकारको असहिष्णु व्यवहार सामन्ती मानसिकताको उपज हो । लोकतन्त्रमा त सबैले समानरूपमा नियम पालन गर्नुपर्छ र गरिन्छ ।

क्यानडाका लागि प्रवेशाज्ञाको आवेदन गर्न आइतवार ठमेलस्थित 'भिसा फ्यासिलिटेसन सर्विसेज (भीएसएफ)'को कार्यालयमा पुगेका संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री जीवनराम श्रेष्ठलाई 'दुर्व्यवहार' गरेको आरोपमा प्रहरीले त्यहाँका सुरक्षाकर्मीलाई पक्रेर थुनामा राख्यो । सामाजिक सञ्जालमा भीएसएफका सुरक्षाकर्मीलाई पक्रेर थुनामा राखिएको विषयमा चर्को र व्यापक निन्दा भएपछि सुरक्षा गार्डलाई रिहा गरियो । आफूलाई जनसाधारणभन्दा 'महान' र 'विशेष' ठान्ने रोगबाट नेपालका शासकहरू नराम्ररी ग्रस्त छन् । यो सामन्ती प्रवृत्ति हो । कर्मचारीमा त यसै पनि सामन्ती संस्कारले जरै गाडेको छ । यही संस्कारको सिको निजी क्षेत्रका कर्मचारीले समेत गरेका हुन्छन् ।

भीएसएफका कर्मचारी विशेषगरी सुरक्षाकर्मीले जनसाधारणसँग निकै रुखो व्यवहार गर्ने गरेको गुनासो भुक्तभोगीले गर्ने गरेका छन् । तैपनि, त्यसलाई दुर्व्यवहार ठानेर कसैले उजुर गरेको थाहा भएको छैन । मन्त्री श्रेष्ठले भने थुनामै राखेर 'पाठ सिकाउन' खोजेको देखियो । यसले उनको मानसिकता र चरित्र पनि उजागर गरेको छ ।

नागरिकको स्वतन्त्रता सकेसम्म खोसिनु हुँदैन । शासकको सामन्ती अहं तुष्टि गर्न सर्वसाधारणको मौलिक हक खोस्ने प्रवृत्ति निन्दनीय छ । थुन्नै पर्ने कसुर नगरेको व्यक्तिलाई थुनेर न प्रशासकले जस पाउने हो न शासककै मर्यादा र लोकप्रियता बढ्छ । उल्टै कुशासनको उदाहरण बन्न पुग्छ । यसैले ती भीएसएफका सुरक्षाकर्मीलाई तत्काल थुनाबाट मुक्त गर्नु बुद्धिमानी र न्यायोचित व्यवहार हुनेछ ।

केही समययता पञ्चायतकालमा राजनीतिक विरोधीको दमनका लापि व्यापक दुरुपयोग गरिएको सार्वजनिक सुरक्षा ऐनकै झल्को दिने गरी 'अभद्र व्यवहार'को प्रावधानको प्रयोग गर्न थालिएको छ । यसले सरकारमातहतको प्रशासनिक अधिकारीलाई व्यक्तिलाई थुनामा राख्ने अधिकार दिन नहुने पनि पुन: पुष्टि भएकाले यो अधिकार अदालतलाई मात्र दिनुपर्ने देखिन्छ ।




# सेवा प्रवाहको सुनिश्चितता



• श्यामप्रसाद मैनाली

वि.सं २०६१ बाट हामीले भदौ २२ गते निजामती सेवा दिवस मनाउँदै आएका छौं। केही कर्मचारी पुरस्कृत हुनेदेखि एउटा सुन्दर नाराको तय यस दिवसमा हुने गरेको छ । समग्र निजामती कर्मचारी यस दिवसको नारालाई आकर्षक बनाउन लागिपर्दछन्। यथार्थमा निजामती सेवा दिवसका दिन राष्ट्रसेवक कर्मचारीले गर्ने प्रतिबद्धताका लागि यी सबै नारा अत्यन्त उपयुक्त देखिएका छन्। राज्य र जनताबीचमा हुने सामाजिक सम्झौताको कार्यान्वयनकर्ताका रूपमा कर्मचारी रहने हुँदा यसले ठूलो जिम्मेवारी प्राप्त गरेको हुन्छ। यी जिम्मेवारी गुणस्तरीय प्रकारले सम्पादन भएकोमा गौरवान्वित हुने अवसर निजामती सेवा दिवस हो। त्यसैले यस दिवसमा वर्षभरि सम्पादन गरिएका उदाहरणीय कार्यहरूको स्मरण गरिन्छ। त्यस्ता उल्लेखनीय कार्यसम्पादकर्ताहरूलाई सम्मान गरी आगामी वर्षका लागि अधिक कुशलतापूर्वक कर्म क्षेत्रमा प्रवेश गरी नतिजामा पुग्ने तरिकाहरूको खोजी यसै दिवसमा गरिन्छ। नेतृत्व तहमा र कार्यान्वयन तहमा रहनेहरू सबैले सामूहिक संकल्प गर्दै सेवा प्रवाहमा इमानदारिता साथ अग्रसर हुनका लागि प्रेरणा प्राप्त गर्ने दिन हो तर यसको उपयोगिता र सान्दर्भिकताको बारेमा चिन्तन गर्दा हरेक वर्षमा हामीले निजामती सेवा दिवसमार्फत गरेका प्रतिबद्धता के कति पूरा गर्न सफल भएको अवस्था छ ? त्यसैमा केन्द्रित भएर निजामती सेवा दिवसको उपादेयताको खोजी हुनु पर्दछ।

यो दिवस सार्वभौम जनतालाई सम्मान गर्दै मैत्रीपूर्ण वातावरणमा सेवा प्रवाह गर्न सबै निजामती सेवा प्रदायकले आफूलाई समर्पित गर्दै कर्तव्यपरायण रहन शक्ति सञ्चय गर्ने दिन हो। निजामती कर्मचारी परिवर्तनका वाहक र राज्य प्रणालीको सबल एवं गतिशील संयन्त्र हो। मूल्य, मान्यता, सेवाभाव, आदर्श र व्यावसायिकताको परिधिभित्र रहेर राजनीतिज्ञ र नागरिकहरूका बीचको सम्पर्क सूत्रको भूमिकामा यो संयन्त्रले आफ्नो कर्तव्यको निर्वाह गर्नु पर्दछ। वर्तमान समयमा समेत देशभित्र रहेका प्रतिभावान् जनशक्ति प्रायः निजामती सेवामै आकर्षित भइराखेका छन्। देशको सबल र सक्षम जनशक्तिले लोकतन्त्रका लाभ सर्वसाधारण जनतासमक्ष समान र न्यायोचित रूपमा पु-याउन जनताका आवश्यकताको पहिचान गरी सो उपलब्ध गराउन प्राथमिकता प्रदान गर्न समर्पित हुनु पर्दछ। कानुनी प्रावधान, प्रक्रियागत पक्ष, स्थापित प्रणालीमा समयसापेक्ष सुधार गर्दै नागरिक शासनको अनुभूति दिलाई लोकतन्त्रको अनुभूति नागरिकहरूलाई व्यवहारमा गराउन महत्वपूर्ण योगदान दिने संयन्त्र निजामती सेवा हो। अनुभवी, दक्ष, योग्य, सीपयुक्त, कर्तव्यपरायण, निपुण कर्मचारीले नै नागरिक र सरकारका बीचको सौहार्द सम्बन्धको विकास गर्न सक्छन्। राजनीतिक, सामाजिक, आर्थिक, रूपान्तरणका लागि स्थायी सरकारको भूमिकामा रहेका निजामती कर्मचारीको उपयुक्त परिचालन जरुरी हुन्छ। यो संयन्त्रले राजनीतिक नेतृत्वलाई जनस्तरमा स्थापित गराउन ठूलो सहयोग गरिराखेको हुन्छ। यी सबै महत्वपूर्ण भूमिकामा रहेका कर्मचारीले सेवाप्रति समर्पित हुन थप ऊर्जा प्रदान गर्ने दिनका रूपमा निजामती सेवा दिवसलाई लिने गरिएको छ। यस अर्थमा यस दिवसको उपादेयता र सान्दर्भिकता छ।

### विभिन्न देशका अभ्यास

सेवा प्रवाह प्रभावकारी बनाउने, आफ्ना संयन्त्रलाई प्रभावकारी र निपुण बनाउने उद्देश्यले विभिन्न देशमा केही उदाहरणीय कार्यक्रम र नीति कार्यान्वयनमा ल्याइएका छन्। खुला बजारलाई प्रश्रय दिई सरकारको भूमिकामा कटौती गर्दै ब्रिटिस नागरिकको जीवनस्तरमा सुधार ल्याउन सरकारलाई निजी क्षेत्रसंग प्रतिस्पर्धा र साझेदारी गर्ने गराउने नीतिका रूपमा पूर्वप्रधानमन्त्री मार्गरेट थ्याचरले कार्यान्वयनमा ल्याउनु भएको थ्याचरिज्म, संयुक्त राज्य अमेरिकामा सुरु भएको रेगनोमिक्स, दक्षिण अफ्रिकाको वाथो पेले, मलेसियाको स्माइलिङ मोवमेंट, घानाको अपरेटिङ एजेन्सी, अस्ट्रेलियाको कर्पोरेटाइजेसन आदि उल्लेखनीय छन्। यी कार्यक्रमहरू राजनीतिक तहबाटै क्रियाशीलता दिई जनतालाई सेवा प्रवाह राम्ररी गराउने अभिप्रायले कार्यान्वयनमा आई जनस्तरमा राम्रो प्रभाव पार्न शासक सफल भएका छन्। यस प्रकारका कार्यक्रमबाट सेवा प्रवाहको प्रभावकारिताका साथै शासकीय संयन्त्रको क्षमता विकास गर्न सफलता मिलेको अवस्था छ। तसर्थ, शासनको जिम्मेवारी लिएर बसेकाहरूले आफ्ना संयन्त्रलाई चुस्त दुरुस्त राखी उनीहरूलाई उच्च मनोबलका साथ जनताको सेवामा समर्पित हुने अवस्था सिर्जना गर्न विशेष गम्भीर हुनुपर्ने स्थिति छ। यसमा हाम्रा सरकारमा रहनेबाट शीघ्र पहलकदमी हुनु पर्दछ। अन्यथा स्थायी संयन्त्रले प्रभावकारिताका साथ कार्य गर्न नसक्दा सरकार लाचार बन्दछ। जनतासमक्ष सरकारको सकारात्मक प्रभाव पर्न सक्दैन। यस दिवसको उपादेयतामा प्रश्न चिह्न खडा हुने अवस्था बन्दछ। विश्वभर यस दिवसलाई मनाउने र स्मरण गर्ने तरिका विविध प्रकारका देखिएका छन्। सन् २००२ मा संयुक्त राष्ट्रसंघले प्रत्येक वर्ष सार्वजनिक सेवा दिवस मनाउने गरी साधारण सभाबाट निर्णय लिई कार्यान्वयन भइराखेको छ। क्यानाडामा प्रति वर्ष जुन १४ देखि २० सम्म राष्ट्रिय सार्वजनिक सेवा सप्ताह मनाउँदै त्यहाँको सङ्घीय प्रशासनमार्फत प्रदान गरिने सेवाको सम्मान गरिन्छ र भावी दिनमा लागि प्रभावकारी सेवा प्रवाहको योजना तयार पारिन्छ। युरोपियन युनियनमार्फत निजामती सेवा दिवस हरेक वर्ष यसका सदस्य राष्ट्रले मनाउने गर्दछन्। भारतमा सन् २००६ देखि अप्रिल २१ का दिन यो दिवस मनाउँदै जिल्ला स्तरमा उत्कृष्ट काम गर्नेहरूलाई सम्मान गर्दै प्रधानमन्त्री पुरस्कार प्रदान गरिन्छ। सार्वजनिक सेवाको विकास निर्माणमा देखिएको उपादेयता, कर्मचारी संयन्त्रबाट सम्पादित असल कार्यको स्मरण र सम्मान गर्दै मेधावी युवालाई सार्वजनिक सेवा प्रदायकका रूपमा सेवा प्रवेश गरी वृत्तिविकासको शृङ्खलाको प्रारम्भ गर्न प्रोत्साहन प्रदान गर्ने उद्देश्यका साथ संयुक्त अधिराज्यमा जुन २३ का दिन यस दिवसलाई मनाउने गरिन्छ। तसर्थ, विश्वव्यापी रूपमा अध्ययन गर्दा यस दिवसको विभिन्न नामकरण गरिए पनि कर्मचारी संयन्त्रको उपादेयता र यसको प्रभावकारितामा विशेष महत्व दिई सार्वजनिक सेवा प्रवाहलाई केन्द्रबिन्दुमा राखिएको प्रस्ट छ। उल्लेखित पृष्ठभूमिमा जनताको सेवामा समर्पित भई जनताकै भलाइका लागि कर्मचारीहरूले आफ्नो योग्यता, क्षमता, अनुभव र सीपको सदुपयोग गर्ने, कर्तव्यपालनाका लागि समर्पित रहँदाका अवस्थामा देखिएका कठिनाइ र चुनौतीको सामना र समाधानका लागि प्रभावकारिताका साथ प्रस्तुत हुने, समग्र कर्मचारी संयन्त्रलाई प्रोत्साहन प्रदान गर्ने, एक वर्ष अवधिमा विभिन्न विभागबाट भएका कार्यसम्पादनको मूल्याङ्कन गर्नेजस्ता उद्देश्यबाट निर्देशित यो दिवसको मह□व अत्यन्त ज्यादा देखिएको छ। नेपालको निजामती सेवा दिवस पनि यसैबाट अभिप्रेरित भई उत्सवकै रूपमा मनाउन थालिएको हो।

### नेपालको निजामती सेवा

नेपालको निजामती सेवाले नयाँ अवधारणालाई पूर्ण रूपमा आत्मसात् गर्न सकिराखेको छैन। निजामती सेवाभित्र अत्यधिक राजनीतीकरण हुँदै गएकाले सेवाग्राहीहरू सार्वजनिक निकायमा प्रवेश गर्दा राजनीतिक कार्यकर्ताको भूमिकामा रहेका कर्मचारीसँग जम्काभेट हुने अवस्था छ। सार्वजनिक सेवा प्रदायकहरूलाई नैतिकवान् र लोकतान्त्रिक चरित्रको बनाउने प्रयाससम्म पनि उल्लेखनीय रूपमा हुन सकेको छैन। ट्रेड युनियन अधिकार प्रदान गर्ने नाममा राजनीतीकरणको विकृत स्वरूप देखिएको छ। यस प्रकारको अस्वस्थ प्रतिस्पर्धा राजनीतिक दलहरूले गरिराखेका छन् । नेपालको विशिष्ट परिस्थितिमा निजामती सेवा दिवस मनाउने तरिकाहरूमा पनि परिवर्तनको आवश्यकता देखिएको छ। यस दिवसले सम्बोधन गर्नुपर्ने अत्यधिक मह□वको विषय भनेकै सार्वजनिक सेवा प्रवाह हो। निजामती कर्मचारीले सेवा प्रदायकका रूपमा आफ्ना कार्यसम्पादनको शैलीमा गरिनुपर्ने समयसापेक्ष परिवर्तन र सुधार, संघीयताको कार्यान्वयनका क्रममा सरकारहरूको स्वशासन र साझा शासनलाई सुदृढ गर्ने, नीति निर्माण र व्यवस्थापनलाई प्रभावकारी बनाउने, विकास व्यवस्थापनलाई नतिजामा देखिने गरी गर्ने, कर्मचारीहरूको धूमिल प्रतिष्ठामा सुधार ल्याउने गरी जनतालाई सूचना सम्प्रेषण गर्न सक्ने सक्षमताका साथ यस दिवसलाई मनाउनु पर्दछ ।

यस क्रममा निजामती सेवाले धेरै प्रकारका कठिनाइको सामाना गर्नु परिराखेको छ। ती समस्याहरूको व्यावहारिक समाधानका लागि मार्ग प्रशस्त गर्ने कार्य गरी उद्घोष गर्ने दिनका रूपमा यस दिनलाई स्मरण गर्दा यसको गरिमामा निखार आउने परिस्थिति बन्दछ। यी सबै विषयलाई निजामती सेवा दिवसले समेटन सक्नु पर्दछ। एक वर्षभित्र उदाहरणीय कार्यसम्पादन गर्नेलाई कार्यरत कर्मचारी र सेवाग्राही जनतासमेत विश्वस्त हुने प्रकारले सम्मानित गर्नु पर्दछ। संयुक्तराज्य अमेरिकामा प्रयोगमा आइराखेको सिजर र हम्मर अवार्डलाई यस सन्दर्भमा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ । कर्मचारीले आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेका उदाहरण छन्। लामो समयदेखि विभिन्न प्रकारका राजनीतिक प्रणालीमा आधारित निर्वाचनमा सफलतापूर्वक सम्पन्न गराउन सफल छन्। राजनीतिक सङ्क्रमणका समयमा सरकारको उपस्थिति देखाई प्रस्तुत हुने प्रभावकारी संयन्त्रको भूमिकामा निजामती कर्मचारीहरू नै अग्रपंक्तिमा रहेका छन्। प्राकृतिक प्रकोपको अवस्थामा कर्मचारीहरूले प्रदान गरेको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन। द्वन्द्वकालमा आफ्नो भौतिक अस्तित्वलाई जोखिममा राखी काम गर्ने समूह कर्मचारी नै हुन्। सबै प्रकारका राजनीतिक परिवर्तनपश्चात् सरकारलाई सहयोग प्रदान गर्न सफल र अब्बल श्रेणीमा कर्मचारी दर्ज भएका छन्।

अब निजामती सेवा दिवसलाई मनाउनुपूर्व केही स्पष्ट कार्यक्रम र धारणासहित प्रस्तुत हुनु पर्दछ। दिवसका दिन प्रसारित नाराले स्पष्ट सन्देश दिई यसलाई सार्थकता दिने गरी वार्षिक कार्यतालिका तयार हुनु पर्दछ। अर्को वर्ष त्यसको प्रगति वस्तुगत आधारमा प्रस्तुत हुने खालको प्रतिबद्धता जरुरी छ। यही आधारमा हरेक विभागको पदाधिकारीको कार्यसम्पादनको मूल्याङ्कन हुनु जरुरी छ। यस सेवाको नेतृत्व वर्गले राजनीतिक नेतृत्वसँग पटक पटक संस्थागत एजेन्डामा केन्द्रित रहेर समग्र निजामती सेवामा सुधारका कार्यक्रम र सेवा प्रवाहलाई गुणस्तरीय बनाउने सन्दर्भमा वार्ताहरू अन्तर्क्रियाहरू गर्नु पर्दछ । सरकार र संसद्को ध्यान यसमा तान्ने गरी निजामती सेवाको संरक्षकका रूपमा रहेको लोकसेवा आयोगसँग सहकार्य र समन्वय गरी अघि बढ्नु पर्दछ। नेपालको ट्रेड युनियनलाई राजनीतिबाट पृथक् राखी सिर्जनात्मक र मर्यादित बनाउन सक्नु पर्दछ। समावेशीकरण र योग्यता प्रणालीको निरन्तरता र संरक्षण गर्दै सेवा प्रवाहलाई गुणस्तरीय बनाउने उपाय अवलम्बन गर्नु पर्दछ। आजको दिन राजनीतिक नेतृत्वको साथमा नागरिकलाई प्रभावकारी सेवा प्रदान गर्न प्रतिबद्ध भई यसका लागि थप ऊर्जा, जोश जाँगर प्राप्त गर्ने अवसरका रूपमा स्थायी सरकारले लिनु पर्दछ। देशमा व्याप्त भ्रष्टाचारलाई नियन्त्रण गर्न सबै प्रकारका प्रयास गर्दै सेवा प्रवाहका क्रममा देखिएका प्रक्रियागत, कानुनी, नीतिगत सबै प्रकारका जटिलतालाई सामना गर्ने गरी सबल र सक्षम निजामती प्रशासनले आफ्नो उपस्थिति दिन सक्नु पर्दछ। सबै विकृतिको सही समाधानमा राजनीतिक नेतृत्व र स्थायी संयन्त्र प्रतिबद्ध हुनु पर्दछ। कमजोर वर्गलाई राज्यका सबै प्रकारका अवसरको पूर्णउपभोग गर्न पाउने गरी नीति तय गर्नु जरुरी हुन्छ। यथास्थितिवादी सोचबाट संयन्त्र मुक्त हुनु अनिवार्य छ। कर्मचारी व्यवस्थापन, कानुनी शासनको कार्यान्वयन र कर्मचारीहरूको कार्य क्षमताको विकासमा प्रस्ट देखिने गरी अघि बढ्दा मात्र यस दिवसले सार्थकता पाउनेछ। यस महत्वपूर्ण घडीमा सबै सरकारी संयन्त्रमा रहेका राष्ट्रसेवकले संवैधानिक व्यवस्थाअनुसार सुशासन कायम गर्नेतर्फ प्रतिबद्ध भई सपथ लिने पवित्र दिनका रूपमा स्वीकार गर्नु जरुरी छ।

# वन संरक्षणमा सफल, व्यवस्थापनमा विफल



• विश्वनाथ ओली

वन संरक्षणमा नेपालका प्रयास उल्लेखनीय रहे पनि वनस्रोतको पूर्ण रूपमा सदुपयोग हुन सकेको छैन। यसै कारण काठ तथा आल्मुनियम जस्ता निर्माण सामग्री आयात गर्नुपर्ने अवस्था छ। वन क्षेत्रको व्यवस्थापनमा तीनै तहका सरकार, वन व्यवस्थापन समूह र निजी क्षेत्रबीच समन्वयको अभाव छ।

वन क्षेत्रको अतिक्रमण, विकास आयोजनाका लागि वनकै जग्गाको माग, अनियन्त्रित डढेलोले चुनौती निम्त्याइरहेका छन्। अर्कातर्फ, जडीबुटी तथा गैरकाष्ठ वन पैदावारबाट उच्चतम प्रतिफल लिन सकिएको छैन। यसमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरूको अनियन्त्रित संकलन हुनु, उचित भण्डारण अभावमा जडीबुटीको वास्तविक गुण कायम गर्न नसकिनु, जडीबुटीमा सीमित व्यक्तिहरूको मात्र पहुँच रहनु, प्रशोधन गरी मूल्य अभिवृद्धि गराउन नसकिनु मुख्य कारण छन्। पछिल्लो समय कोभिड-१९ महामारीका कारण प्रकृतिमा आधारित पर्यटनमा उल्लेख्य कमी आएको छ। वन पैदावार तथा वन्यजन्तुका अङ्गहरूको अवैध व्यापार र मानव-वन्यजन्तु द्वन्द्व उस्तै छ। वन्यजन्तु वासस्थानको विनाश तथा क्षयीकरण, मिचाहा प्रजातिको प्रकोप, वन क्षेत्रभित्र अव्यवस्थित भौतिक पूर्वाधारहरूको निर्माण संरक्षणमा थप चुनौती बनिरहेका छन्।

नेपालको कुल भूभागको ४४.७४ प्रतिशत वन क्षेत्रले ओगट्छ। भौगोलिक हिसाबले सबैभन्दा बढी वन मध्य पहाड र सबैभन्दा कम तराईमा छ। प्रदेशगत रूपमा सबैभन्दा बढी कर्णाली र सबैभन्दा कम मधेशमा छ। ७५३ स्थानीय तहमध्ये १०६ वटामा वन छैनन्। नेपालमा ११८ प्रकारका पारिस्थितिक प्रणाली, ३५ प्रकारका वन र ७५ प्रकारका वनस्पति समुदाय पाइन्छन्। औसत रूख संख्या ४३० प्रति हेक्टर र औसत वृद्धि मौज्दात १६५ घनमिटर प्रति हेक्टर छ।

यहाँ झण्डै १३ हजारभन्दा बढी वनस्पति प्रजाति र १७ हजारभन्दा बढी जीव प्रजाति पाइन्छन्। १२ वटा राष्ट्रिय निकुञ्जसहित संरक्षित क्षेत्रले कुल भूभागको २३.३९ प्रतिशत ओगटेको छ। नेपालका १० वटा सिमसार क्षेत्र अन्तर्राष्ट्रिय महत्वको रामसार सूचीमा छन्। देशमा ८१९ भन्दा बढी वनस्पति प्रजाति जडीबुटीका रूपमा प्रयोग हुन्छन् जसमध्ये करीब १०० प्रजाति मात्र व्यापारिक प्रयोगमा छन्।

### वनक्षेत्रबाट प्राप्त हुने लाभ

राष्ट्रिय वनको भूभाग सरकार तथा समुदायमा आधारित विभिन्न प्रकारका वन व्यवस्थापन प्रणाली, जस्तै- सामुदायिक, साझेदारी, कबुलियती र धार्मिक वन अनि वन संरक्षण क्षेत्र मार्फत व्यवस्थापन हुँदै आएको छ। सामाजिक-आर्थिक विकास तथा पर्यावरणीय सन्तुलनमा समेत विशेष महत्त्व राख्ने वन क्षेत्रलाई अर्थतन्त्रको एक प्रमुख आधारका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना छ। यसैलाई मनन गर्दै पन्ध्रौं योजना (२०१९/२०-२०२३/२४) ले वन, जैविक विविधता र जलाधार क्षेत्रलाई आर्थिक क्षेत्रका रूपमा उल्लेख गरेको छ। यस्तै, राष्ट्रिय वन नीति, २०७५ ले व्यवस्थित वन क्षेत्र र सन्तुलित पर्यावरण मार्फत आर्थिक, सामाजिक र सांस्कृतिक समृद्धिमा योगदानको दूरदृष्टि राखेको छ। वन क्षेत्रबाट लिन सकिने लाभलाई विभिन्न पाँच भागमा चर्चा गर्न सकिन्छ।

### काठ–दाउराको दिगो उत्पादन

सन् २०१५ मा प्रकाशित वन स्रोत सर्वेक्षणको तथ्याङ्क अनुसार, नेपालको वनमा कुल मौज्दात ९८ करोड २३ लाख ३२ हजार घन मिटर छ। यस्तोमा दिगो वन व्यवस्थापन मार्फत दिगो रूपमै काठदाउरा उत्पादन वृद्धि गर्न सकिन्छ। राष्ट्रिय वन नीति, २०७५ ले वन क्षेत्रको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवा अभिवृद्धि तथा वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धि सहित निर्यात प्रवर्द्धनको उद्देश्य राखेको छ।

वन संरक्षणमा हामी सफल त भयौं, तर व्यवस्थापन उपयुक्त ढङ्गले नहुँदा एकातर्फ उत्पादन संकुचन भई विदेशबाट काठ आयात भइरहेको छ भने अर्कातर्फ काठमा आधारित उद्योगबाट हुन सक्ने आम्दानी र रोजगारी सिर्जनामा समस्या निम्तिएको छ। विश्व ब्यांकको सन् २०१९ मा प्रकाशित प्रतिवेदन अनुसार, दिगो वन व्यवस्थापन मार्फत वार्षिक ६-७ गुणा आम्दानी बढाउन सकिन्छ।

### जडीबुटी तथा गैरकाष्ठ वन पैदावार खेती

बहूपयोगी र उच्चमूल्यका जडीबुटीको सदुपयोगले वनमा आश्रित समुदायको जीविकोपार्जनमा पनि सहयोग पुर्‍याउँछ। हामीकहाँ स्वास्थ्यका लागि अत्यन्तै उपयोगी ठहरिएका र विश्वमै दुर्लभ मानिएका जडीबुटी प्रशस्त पाइने हुनाले आर्थिक सम्भावना समेत उत्तिकै छ। यस्तोमा जडीबुटीको अत्यधिक दोहन रोक्न स्रोत सर्वेक्षणपछि सिफारिस गरिएको परिमाण र विधि अनुसार मात्र संकलन गरिनुपर्छ। यिनको खेतीलाई पनि प्रवर्द्धन गरिनुपर्छ। झण्डै ९० प्रतिशत जडीबुटी कच्चा पदार्थका रूपमा विदेश निकासी हुने हुँदा तिनलाई यहीं प्रशोधन गरिए अझ बढी आर्थिक फाइदा लिन सकिन्छ।

### प्रकृतिमा आधारित पर्यटन

जैविक विविधता र प्राकृतिक रमणीयताका कारण संरक्षित क्षेत्र र समुदायद्वारा व्यवस्थित अधिकांश वनमा प्रकृतिमा आधारित पर्यटन विकासको सम्भावना उत्तिकै छ। कोभिड-१९ महामारीभन्दा अघि नेपाल भित्रिने विदेशी पर्यटकमध्ये झण्डै ६० प्रतिशतले संरक्षित क्षेत्र भ्रमण गरेको पाइन्छ। अर्थात्, संरक्षण मार्फत पर्यापर्यटनमा अभिवृद्धि भई देशको अर्थतन्त्रमा टेवा समेत पुगेको छ। विश्व ब्यांकले हालै चितवन राष्ट्रिय निकुञ्जमा गरेको अध्ययनले त्यहाँ आएका पर्यटकले गर्ने खर्च र त्यसबाट वरिपरिका समुदायले गर्ने आम्दानीको अनुपात एक रुपैयाँ बराबर १.७८ रहेको र ४,३०९ वटा पूर्णकालीन रोजगारी सिर्जना भएको तथ्याङ्क दिएको छ।

### वातावरणीय सेवा

वनको संरक्षण र विकासबाट वातावरणीय अवस्थामा सुधार गर्दै कार्बन संरक्षण र सञ्चिति बापत अन्तर्राष्ट्रिय भुक्तानीमा पहुँच पुर्‍याउन सकिने अवसर पनि छ। नेपाल रेडप्लस (वन विनाश र क्षयीकरणबाट हुने उत्सर्जन कटौतीका साथै वनको दिगो व्यवस्थापन र कार्बन सञ्चिति अभिवृद्धि) मा सहभागी भई वनक्षेत्रबाट हुने कार्बन व्यापारबाट लाभ लिने अवस्थामा पुगेको छ। बागमती, गण्डकी र लुम्बिनीका गरी ३६ जिल्लाका वन क्षेत्रबाट कार्बन व्यापारमा भाग लिन नेपाल सरकारले वनमा लगानी अभिवृद्धिका लागि उत्सर्जन न्यूनीकरण कार्यक्रममा सहभागी हुने निर्णय गरेको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण (पाँचौं संशोधन) ऐन, २०७३ ले वन्यजन्तुको संरक्षण, प्रवर्द्धन र दिगो उपयोगमा सघाउ पुर्‍याउने उद्देश्यले व्यक्ति वा संस्थाले वन्यजन्तुको व्यावसायिक रूपमा प्रजनन तथा पालन गर्न सक्ने बाटो खोलेको छ। २०७६ मा जारी यही शीर्षकको नियमावलीले यस सम्बन्धी थप व्याख्या गरेको छ। कतिपय देशले वनक्षेत्रलाई आर्थिक स्रोत बनाइरहेका सन्दर्भमा नेपालमा पनि दिगो वन व्यवस्थापन मार्फत व्यवस्थापन गर्न जरुरी छ। यससँगै वातावरणीय तथा जैविक विविधताका दृष्टिले महत्वपूर्ण क्षेत्रहरू, जस्तै- वन संरक्षण, सिमसार क्षेत्र लगायत अन्य सम्भाव्य स्थानलाई प्रकृतिमा आधारित पर्यटन गन्तव्यको रूपमा विकास गरी आम्दानी र रोजगारी वृद्धि गर्न सकिन्छ।

त्यस्तै, आर्थिक महत्वका जडीबुटीको खेती विस्तार, दिगो सङ्कलन, व्यवसायीकरण, उपयोग, प्रशोधन र मूल्य अभिवृद्धि सहित अन्तर्राष्ट्रिय बजारसम्म निकासी प्रवर्द्धन गरी आर्थिक उपार्जन गर्न सकिन्छ। यसका लागि गुणस्तरीय प्रयोगशाला, जडीबुटी सम्बन्धी अध्ययन/अनुसन्धानका साथै परम्परागत ज्ञान-सीपको अभिलेख राखी यी बहुमूल्य स्रोत सुरक्षित राखिनुपर्छ। शुरूमा त महामारीका कारण थलिएको प्रकृतिमा आधारित पर्यटनलाई पुनर्जागृत बनाइनुपर्छ। सीमित राष्ट्रिय निकुञ्जमा केन्द्रित पर्यापर्यटनका गतिविधिलाई अन्य संरक्षित क्षेत्र र वन क्षेत्रमा समेत आकृष्ट गरिनुपर्छ। वन क्षेत्रबाट प्राप्त हुने लाभको समन्यायिक बाँडफाँडको विषयलाई समेत ध्यानमा राख्नुपर्छ।

# क्यारियर काउन्सिलिङ आजको आवश्यकता



• जनक बस्नेत

भर्खरै कक्षा १२ को परीक्षाफल प्रकाशित भएको छ। जसमा इटहरी आसपासको प्लस टु कलेजबाट विज्ञान विषय लिएका सुमन बराल (नाम परिवर्तन) ले ८२ प्रतिशत अंक ल्याउँदै उत्तीर्ण भए । अब उनको चाहना काठमाडौँमा गएर कम्प्युटर साइन्स पढ्ने अनि वैदेशिक अध्ययनका लागि फ्रान्स अथवा क्यानडा जाने । नेपालमा फर्कने कि नफर्कने भन्ने कुरामा उनी प्रष्ट छन् । चाडपर्व र बेला मौकामा फर्कने । उनी अरू साथी तथा आफन्तजस्तो उता गएपछि चटक्क आफ्ना साथीभाइहरू र आफन्तलाई बिर्सन चाहदैनन् । बेलाबेला फोन सम्पर्क गरिरहने सोच छ उनको ।नेपालको ४०/४५ हजार तलबले जीवनयापन गर्न कठिन हुने हुँदा गुणस्तरीय जीवनका लागि बिदेसिनै पर्ने सोच छ उनको ।सुमन अहिलेको युवा पुस्ताका प्रतिनिधि पात्र हुन् । उनीजस्ता लाखौँलाख सुमनहरू आफ्नो सपनाको खोजीमा दैनिक देश छोडिरहेका छन् ।

शिक्षा मन्त्रालयअन्तर्गतको नो अब्जेक्सन सर्टिफिकेट (NOC) शाखाका अनुसार यस वर्षको जनवरी १ देखि जुलाई ४ सम्ममा ८२,४०९ जनाले वैदेशिक अध्ययनका लागि अनुमति प्राप्त गरेका छन् । (NOC) शाखाका प्रमुख हरिप्रसाद निरौलाका अनुसार यो संख्या गत वर्ष २०२१ को जनवरीदेखि डिसेम्बरसम्मको तथ्यांकभन्दा झन्डै झन्डै दोब्बर रहेको छ । उक्त अवधिभित्र ४५,४४३ जनाले अध्ययन अनुमति प्राप्त गरेका थिए (अनलाइन खबर जुलाई ५) । सोही मन्त्रालयका अनुसार गत ६ महिनाको तथ्यांक हेर्दा दैनिक १०००/१२०० जनाले वैदेशिक अध्ययन अनुमतिपत्र प्राप्त गरिरहेका छन् (अनलाइन खबर मार्च ३) ।

वैदेशिक रोजगार विभागका प्रमुख गिरमान थापालाई उद्धृत गर्दै उल्लेख गरेअनुसार नेपालमा वैदेशिक अध्ययन अनुमति लिनेको संख्या ३,२३,९७२ रहेको छ । विगत ८ वर्षको तथ्यांकलाई हेर्ने हो भने यो संख्या ७ गुणाले बढेको छ (६ सेप्टेम्बर २०२२, नेपाली संक्षेप) । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार ३ लाखभन्दा बढी नेपालीहरू विश्वका विभिन्न विश्वविद्यालयहरुमा अध्ययन गरिरहेका छन् । यद्यपि सरकारसँग उपरोक्तमध्ये कति विद्यार्थी अध्ययन पुरा गर्दछन् कति बीचैमा छाड्छन् र कति स्वदेश फर्कन्छन् भन्ने ट्र्याकिङ प्रणाली छैन । ६४ देशमा अध्ययनका लागि यो वर्ष विद्यार्थीले १,१३,००९ नो अब्जेक्सन लेटर (NOC) प्राप्त गरेका छन् (भवानिश्वर गौतम नयाँ पत्रिका २०७९।०३।२८) । ज्येष्ठ सम्मको ११ महिनामा वैदेशिक अध्ययनमा ५९ अर्ब ९९ करोड ३४ लाख रुपैयाँ बाहिरिएको छ । नेपाल राष्ट्र बैङ्कका अनुसार वैदेशिक अध्ययनमा यसपाली बाहिरिएको रकम अघिल्लो आर्थिक वर्षको ११ महिनाको तुलनामा झन्डै १६० प्रतिशतले बढी हो ।

वैदेशिक अध्ययन र रोजगारीबाट प्राप्त रेमिटेन्स नै देशको अर्थतन्त्रको मेरुदण्ड भएको छ । वैदेशिक अध्ययन आफैमा राम्रो कुरा हो। जसले फराकिलो विश्वलाई बुझ्न मद्दत गर्दछ। विभिन्न फरक राष्ट्रियतालाई बुझ्दै तिनको सम्मान, पारस्परिक भावना, सांस्कृतिक आदानप्रदान र सु-सम्बन्धले आपसी विश्व बन्धुत्व र भ्रातृत्वको बढावासँगै आफ्नो जातिभन्दा माथि देशको सिमानाभन्दा माथि समग्र मानव जाति भन्ने भावको समेत बोध गराउँछ ।विभिन्न भाषा संस्कृति, राष्ट्र राष्ट्रियता,जाति धर्म र विचारको सम्मान र सहअस्तित्वको निर्माण गर्ने सोचको विकास गराउँछ । विकसित ज्ञान र प्रविधिको स्वदेशमा समुचित प्रयोग हुन सकेमा देशले आधुनिक र समृद्ध बन्न धेरै समय पर्खनु पर्दैन । यसरी ज्ञान विज्ञान र प्रविधिले सु-सज्जित बनेर संसारलाई बुझेर, यही देशको लालीगुराँसको लालीमा रोमाञ्चित हुँदै चमेली अनि बाबरीको वासना र यही माटोको सुगन्ध लिँदै आफ्ना भगिरथी हातहरूलाई यही खियाउने संकल्प गरे त कुनै समस्या नै हुने थिएन। तर, समस्या यहीनेर छ सुमनजस्ता लाखौँ आजका होनहार युवाहरूको आँखामा देश छैन, सपनामा देश छैन, भावनामा देश छैन अनि रहरमा देश छैन । नेपालमा भविष्य छैन भन्दै सुमनजस्ता कर्णधारहरू वैदेशिक अध्ययनको यात्रामा लामबद्ध छन् । सुमनजस्तै उनीहरूको चाहना सकेसम्म र मिलेसम्म उतै स्थायी रुपमा बसोबास गर्नु नै रहेको छ ।

के सुमनले देखेजस्तो र बुझेजस्तो नेपालमा केही छैन त ? रोजगारी र करियर विकासका अवसरहरू छैनन् ? अध्ययनका लागि गुणस्तरीय कलेजहरू छैनन् ? गुणस्तरीय जीवनको लागि बिदेसिनै पर्ने हो ? गुणस्तरीय जीवन नेपालमा बाँच्न सकिँदैन ? के हो जीवनको सुन्दरता ? यी प्रसंगहरूको सन्दर्भमा सुमनलाई नेपालमा रोजगारी पाए पनि तलब थोरै हुन्छ । त्यसैले जीवनयापन कठिन हुन्छ भन्ने कुरा मात्र थाहा छ । अर्कोतर्फ वैदेशिक अध्ययनका लागि खुलेका हजारौँ परामर्श संस्थाहरूले वैदेशिक अध्ययन र त्यसको सहज यात्राका सन्दर्भमा विद्यार्थीहरूलाई परामर्श दिइरहेका हुन्छन् र सो सम्बन्धमा सुमनलगायतलाई थाहा छ कि कुन देश जाने, कति खर्च लाग्ने, कति वर्षपछि पिआरको लागि आवेदन दिन पाउने आदि आदि ।

नेपालमा पनि रोजगारदाता, सरकारी नथा निजी क्षेत्र संस्थान,प्राधिकरण,निगम, बैङ्क तथा वित्तीय संस्था, सेना, प्रहरीलगायतका सबै क्षेत्रमा विद्यार्थीहरूलाई क्यारियर परामर्श हुने भए धेरै सुमनहरूले कुलमान घिसिङ बन्ने बाटो रोज्थे होला। कोही राजदूत भएर परराष्ट्र सम्बन्ध राम्रो बनाउने सपना देख्थे होला । कोही न्यायाधीस, कोही मुख्य सचिव,सचिव,गभर्नर,प्रधान सेनापति,आइजिपी। कोही हरिवंश, मदनकृष्ण त कोही बालेन, हर्क साङपाङ बनेर देश बनाउँछु भन्थे होला। अनि कतिपय विदेश गएर अध्ययन गरेर महावीर पुन बनेर फर्कन्छु भन्थे होला ।

अनि कोही डा.स्वर्णिम वाग्ले । बेलैमा उद्यमशीलता, ऋण सुविधा, अनुदान,व्यापार व्यवसायजस्ता कुराहरूको परामर्श भएमा कति सुमनहरूले आफ्ना बाबुको गाईगोठलाई विशाल गाई फार्म बनाउने सपना देख्थे होला, बाख्रा फार्म,फलफूल खेती,तरकारी खेती, साना उद्योग र ठुला उद्योग अनि त्यसैबाट धेरै सुमनहरू खेतान बन्थे होला अनि विनोद चौधरी पनि । त्यसैले वैदेशिक अध्ययनमा जानेको बाढीलाई कम गर्न र अध्ययन समापनपश्चात् आफ्नै देश फर्कने वातावरण निर्माण गर्न करियर काउन्सिलिङको अत्यन्त जरुरत रहेको छ । ताकि युवाहरूले देशमै केही गर्ने सपना देखून् । उनीहरूको आँखामा, हृदयमा, मन मस्तिष्कमा अनि मुटुको हरेक स्पन्दनमा देश धड्कियोस् । तब मात्र बन्छ देश आफ्नै पौरख अनि मेहनतले । कवि भूपी शेरचनले भनेजस्तै हामी त जन्मँदै आँखामा गुराँस र हत्केलामा सुनगाभा लिएर जन्मिएका छौ ।

# पुरस्कारको राशी बृद्धि

बिर्तामोड(प्रस) । जयेन्द्रप्रसाद प्रसाई साहित्य सेवा कोषले यो वर्ष पुरस्कृत गरिने कृति तथा विभिन्न पुरस्कारका लागि प्रतिभा छनौट समिति बनाएको छ ।

कोषका अध्यक्ष गोपीकृष्ण प्रसाईको अध्यक्षतामा बसेको कार्यसमिति बैठकले कृति तथा व्यक्ति छनोटका लागि समिति गठन गर्नुका साथै पुरस्कारको विधा थप गरेको छ भने यसअघि वितरण गरिंदै आएका पुरस्कारको राशी समेत बृद्धि गरेको छ ।

संस्थाले २०७८ सालमा प्रकाशित कृतिहरु मध्येबाट बर्षोत्कृष्ठ कृति छनोटका लागि संस्थाका उपाध्यक्ष विष्णुकुमार भट्टराईको संयोजकत्वमा अध्यक्ष गोपीकृष्ण प्रसाई र सचिव राजेन्द्र संग्रौला सदस्य रहेको समिति गठन गरेको बैठकले धनमाया सक्रिय महिला पत्रकारिता पुरस्कारका लागि लोकराज ढकालको संयोजकत्वमा रेजिना गौतम सदस्य रहेको समिति गठन गरेको छ । पत्रकारिता पुरस्कार छनोट समितिमा संयोजकले एकजना सदस्य थप गर्नसक्ने संस्थाका अध्यक्ष प्रसाईले जानकारी दिए ।

त्यसैगरी यसअघि प्रदान गर्दै आएको विष्णु चन्द्र पद्मा दीर्घ साहित्य सेवा पुरस्कारको नाम परिवर्तन गर्दै विष्णु चन्द्र पद्मा विशेष प्रतिभा पुरस्कार नामकरण गरिएको संस्थाका महासचिव छविलाल खतिवडाले जानकारी दिए।

त्यसैगरी संस्थाले यसअघि वितरण हुँदै आएको पुरस्कारको राशीमा बृद्धि गरी तीनवटै पुरस्कारको राशी समान २५ हजार पुर्याएको छ । यसअघि पुरस्कारको राशी २१ हजार नगद र सम्मानपत्र रहेको थियो ।स्थापनाको २० वर्ष पुग्दा संस्थाले कान्छो पुरस्कारको रुपमा नयाँ विधा थप गरेको छ । बैठकले फरक क्षमता भएका विभिन्न क्षेत्रका व्यक्तिलाई पुरस्कृत गर्ने लक्ष्यका साथ फरक क्षमताको विशेष प्रतिभा पुरस्कारको स्थापना गरेको हो । ११ हजार राशीको उक्त पुरस्कार यसै वर्षदेखि वितरण गरिने अध्यक्ष प्रसाईले बताए ।

२०५९ सालमा स्थापना भएको जयेन्द्रप्रसाद प्रसाई साहित्य सेवा कोषले स्थापनाकालमा बर्षोत्कृष्ट कृति पुरस्कारबाट पुरस्कार वितरण शुरु गरेसंगै त्यसले वर्षेनि निरन्तरता पाउँदै आएको छ ।

# एकीकृत समाजवादीले तोक्यो जिम्मेवारी



बिर्तामोड(प्रस)।आगामी मंसिर ४ गतेको प्रतिनिधि र प्रदेशसभा निर्वाचनलाई लक्षित गरी नेकपा (एकीकृत समाजवादी) झापाले जिल्लाको पाँचवटै क्षेत्रसहित सबैं प्रदेश निर्वाचन क्षेत्रमा जिम्मेवारी तोकेको छ। जिल्ला कमिटी झापाका अध्यक्ष बेदराज रेग्मीको अध्यक्षतामा र पोलिटब्यूरो सदस्य भाष्कर काफ्लेको प्रमुख आतिथ्यतामा सम्पन्न सचिवालय बैठकले पाँचवटै क्षेत्र र प्रदेशसभा निर्वाचनको निम्ति जिम्मेवारी तोकेको हो ।

क्षेत्र नंम्बर १ को संयोजकमा भाष्कर काफ्ले र सचिवमा ज्ञानेन्द्र दुङ्गाना, क्षेत्र नम्बर २ को संयोजकमा प्रत्युष राणा र सचिवमा तीर्थ सिग्देल, क्षेत्र नम्बर ३ को संयोजकमा पदम सुब्बा र सचिवमा ताला मुर्मू, क्षेत्र नम्बर ४ को संयोजकमा ज्ञानेन्द्र निङ्लेखु लिम्बू र सचिवमा इश्वरीराज दाहाल, क्षेत्र नंम्बर ५ को संयोजकमा तुलसी निरौला र सचिवमा होमबहादुर बराल छन् ।

त्यस्तैं, क्षेत्र नंम्बर १ अन्तर्गत प्रदेश (क) मा संयोजकमा एनके कट्टेल र सचिवमा हेमन्त नेपाल, (ख) मा संयोजकमा पर्शुराम शंकर र सचिवमा प्रदीप धिमाल, क्षेत्र नंम्बर २ को प्रदेश (क) को संयोजकमा होम दुलाल र सचिवमा इन्द्र निरौला, (ख) को संयोजकमा देवराज भण्डारी र सचिवमा कृष्ण बिष्ट छन् । क्षेत्र नंम्बर ३ (क) को संयोजकमा ओमनाथ नेपाल र सचिवमा देउधन राई, (ख) को संयोजकमा चेतानन्द निरौला र सचिवमा टीका पौडेल, क्षेत्र नंम्बर ४ (क) को संयोजकमा शान्तिराम न्यौपाने र सचिवमा ताराप्रसाद गौतम, (ख) को संयोजकमा पूर्ण श्रेष्ठ र खेमराज मैनाली, क्षेत्र नम्बर ५ (क) को संयोजकमा खगेन्द्र बाराकोटी र सचिवमा नारायण राजवंशी, (ख) को संयोजकमा भीम दाहाल र सचिवमा केशब दाहाल छन् । सोही बैठकले रिक्त रहेको जिल्ला कमिटी झापाको उपसचिवमा तीर्थ सिग्देललाई जिम्मेवारी दिने निर्णय गरेको छ । सिग्देल पार्टी जिल्ला कमिटी झापाका प्रचार बिभाग प्रमुख हुन् । उनी समाजवादी प्रेस संगठनका केन्द्रीय उपाध्यक्ष र प्रदेश १ का इन्चार्ज पनि हुन् ।

पार्टी निकट युवा संघ केन्द्रीय कमिटीको आयोजनामा शुरु भएको महाकाली-मेची जागरण अभियानअन्तर्गत भदौं २३ गते झापाको बिर्तामोडमा संम्पन्न हुने र त्यसका लागि जिल्ला कमिटी झापाले बृहत सहभागिता गराउन पहल गर्ने बैठकले निर्णय गरेको छ। सो कार्यक्रममा पार्टीका सम्मानित नेता तथा पूर्व प्रधानमन्त्री झलनाथ खनालले सम्बोधन गर्ने कार्यक्रम रहेको जिल्ला कमिटी झापाका प्रचार बिभाग प्रमुख तीर्थ सिग्देलले जानकारी दिए ।

त्यस्तैं, भदौं २५ गते पार्टी निकट जिल्ला सहकारी कर्मचारीहरुको बिर्तामोडस्थित पार्टी कार्यालयमा बृहत भेला गर्ने र त्यसका लागि जिल्ला कमिटीले जिल्लाका सबै पालिकास्तरीय कमिटीलाई पत्राचार गर्ने समेत बैठकले निर्णय गरेको छ।

# ‘सन्दीपले पटक–पटक जबरजस्ती करणी गरे’



झापा(प्रस) । नेपाली राष्ट्रिय क्रिकेट टोलीका कप्तान सन्दिप लामिछानेविरुद्ध परेको जबरजस्ती करणीसम्बन्धी जोहरीमाथि अनुसन्धान सुरु भएको छ। अनुसन्धानका विविध विधि र प्रविधि प्रयोग गरी जिल्ला प्रहरी परिसर काठमाडौं र प्रहरी वृत्त गौशालाबाट संयुक्तरुपमा खटिएको प्रहरी टोलीद्वारा घटनाबारे सुक्ष्मरुपमा अनुसन्धान गरिरहेको काठमाडौं प्रहरीले जानकारी दिएको हो ।लामिछाने माथि जबरजस्ती करणी कसूरमा प्रहरी वृत्त गौशालामा जाहेरी दरखास्त परेको छ। जाहेरीमा १७ वर्षीया नाबालिकाले स्याङ्जा आरुचौर गाउँपालिका स्थायी घर भई हाल काठमाडौंबुढानीलकण्ठ नगरपालिका बस्ने लामिछानेले गत भदौ ५ गते काठमाडौं र भक्तपुरका विभिन्न स्थानहरुमा लगेर काठमाडौं ल्याइ रातको अन्दाजी ११:५५ बजे काठमाडौं महानगरपालिका-९ स्थित एक होटलको कोठा नं. ३०५ मा लगेको उल्लेख छ। भदौ ६ गते राति अन्दाजी १२:२५ बजे पटक-पटक जबर्जस्ती करणी गरेको उजुरीमा भनिएको छ। प्रहरीद्वारा उक्त जाहेरी दरखास्त दर्ता गरी पीडितलाई एकद्वार संकट व्यवस्थापन केन्द्रमा लगेर विस्तृत स्वास्थ्य परीक्षण गराइएको प्रहरीले जनाएको छ।

प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY
वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज बजार घुम्ने अवसर मिल्नेछ। केही नयाँ कुरा खरीद गर्न सकिनेछ।

**वृष** मनमा उत्पन्न शंका तथा डरका कारण बनिसकेको काममा दुविधा उत्पन्न हुन

**मिथुन** दैनिक कार्यमा प्रगति हुनेछ। परीक्षा आदि प्रतिस्पर्धामा उत्तीर्ण हुन सकिने छ।

**कर्कट** मित्रबाट विशेष सहयोग मिल्नेछ। परिवारका सदस्यहरूसित भेटघाट हुनेछ।

**सिंह** मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। रमणीय यात्राको योग छ।

**कन्या** कार्यसम्पादनमा समस्या आउला। चोटपटकको भय छ सचेत रहनुहोला।

**तुला** मनमा हर्ष, उमङ्ग र उत्साह रहला। रमाइलो यात्राको योग रहेको छ।

**वृश्चिक** रमणीय र सुखद् यात्राको योग छ। मनमा सहयोग भाव आउला।

**धनु** साथीको सल्लाहमा गरिएको कार्यबाट सफलता मिल्नेछ। नयाँ ज्ञान सिक्न

**मकर** आज गरेको काम बिग्रने सम्भावना छ। सामाजिक काम गर्ने मिल्छ।

**कुम्भ** मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ। सन्तान प्राप्तिको योग छ।

**मिन** आज पारिवारिक भेटघाटमा रमाइने छ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्।